(४) परिषद्ले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. परिषद्को बैठक : (१) परिषद्को बैठक वर्षको कम्तिमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षको निर्देशनमा परिषद्को सदस्य-सचिवले बोलाउनेछ ।

(३) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची सात दिन अगावै परिषद्का सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने,

(ङ) प्रतिष्ठानको लागि आवश्यक नियम बनाउने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४
## समिति सम्बन्धी व्यवस्था

९. समितिको गठन: (१) यस अध्यादेशमा अन्यथा लेखिएकोमा बाहेक प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने काम गर्नको लागि एक कार्यकारी समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी निर्देशक -अध्यक्ष

(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ग) सचिव, न्याय परिषद् - सदस्य

(घ) रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य

(ङ) वरिष्ठतम् नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) सचिव, नेपाल बार एशोसियसन - सदस्य

(छ) परिषद्ले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी -सदस्य-सचिव

(३) समितिले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

१०. समितिको बैठक: (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य-सचिवले बोलाउनेछ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको योजना तर्जुमा गर्ने,

(ख) प्रतिष्ठानबाट संचालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(घ) अनुसन्धान तथा अध्यापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलव्ध गर्ने गराउने,

(ङ) प्रतिष्ठानबाट संचालित प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने, गराउने,

(च) प्रशिक्षणलाई कार्यमूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदानं प्रदान गर्ने व्यवस्था मिलाउने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-५
## प्रशिक्षण कार्यक्रम सम्बन्धी व्यवस्था

१२. प्रशिक्षण कार्यक्रम र क्षेत्र निर्धारण गर्न सक्ने: (१) प्रतिष्ठानले आवश्यकतानुसार न्यायिक निकायसंग परामर्श गरी प्रशिक्षण कार्यक्रम र तत् सम्बन्धी क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित प्रशिक्षण कार्यक्रम र क्षेत्रको आधारमा प्रतिष्ठानले प्रशिक्षण तथा मूल्याङ्कन पद्धति, सामग्री र विषय निर्धारण गर्नेछ ।

१३. प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गराउने : (१) प्रतिष्ठानले आफूले संचालन गरेका कार्यक्रमलाई सम्बन्धित विशेषज्ञको सहयोग लिई समय समयमा मूल्याङ्कन गराउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार परिमार्जन वा परिवर्तन गर्न सक्नेछ ।

१४. प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्ने: प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीको काम तथा विषयको प्रकृति हेरी उपयोगी तथा आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्नेछ ।

१५. प्रशिक्षण सामग्री व्यवस्था गर्न सक्ने: प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमहरुको लागि आवश्यक र उपयुक्त प्रशिक्षण सामग्रीको व्यवस्था गर्न सक्नेछ ।

१६. प्रशिक्षक सूची तयार गर्ने: (१) प्रतिष्ठानले कानून र न्यायको विषयमा तालीम वा प्रशिक्षण दिन सक्ने व्यक्तिहरुको प्रशिक्षक सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा प्रतिष्ठानले संभव भएसम्म विषयगत र क्षेत्रगत रुपमा अलग अलग सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई प्रतिष्ठानले समय समयमा अद्यावधिक गर्नेछ ।

## परिच्छेद-६
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. कार्यकारी निर्देशकको नियुक्ति: (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि एक कार्यकारी निर्देशक रहनेछ ।

(२) पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा वहाल रहेको वा सर्वोच्च अदालतको न्यायाधीशको पदमा वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा काम गरिसकेको व्यक्तिमध्ये व्यवस्थापन, अनुसन्धान तथा प्रशिक्षण कार्यमा दक्षता भएको व्यक्तिलाई न्याय परिषद्को सिफारिशमा प्रधान न्यायाधीशले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

तर पुनरावेदन अदालतको वहालवाला मुख्य न्यायाधीशलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम गरिनेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक देखिएमा निजलाई एक अवधिको लागि पुन: नियुक्त गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २०

तर कार्यकारी निर्देशकको पदमा नियुक्त भएको वहालवाला न्यायाधीशलाई निजको पदावधि पूरा नहुँदै न्याय परिषद्को सिफारिशमा न्यायाधीशकै पदमा काम गर्ने गरी फिर्ता गर्न सकिनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवाका अन्य शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

१८. कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने: (१) कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको कार्य सन्तोषजनक नदेखिएमा वा निज खराव आचरणमा लागेको छ भन्ने परिषद्लाई लागेमा न्याय परिषद्को सिफारिशमा प्रधान न्यायाधीशले निजलाई पदावधि समाप्त नहुँदै कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वहालवाला न्यायाधीशको पदबाट नियुक्त भएको कार्यकारी निर्देशकलाई खराब आचरणको आधारमा गरिने कारवाही निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम हुनेछ ।

१९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार: कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् तथा समितिबाट भएका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् तथा समितिमा पेश गर्ने,

(ग) प्रतिष्ठानको प्रगति विवरण तथा वार्षिक प्रतिवेदन परिषद् तथा समितिमा पेश गर्ने,

(घ) प्रतिष्ठानबाट संचालित प्रशिक्षण कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२०. न्यायाधीशलाई प्रतिष्ठानको काममा खटाउन सकिने: प्रतिष्ठानको अनुरोधमा पुनरावेदन अदालत वा जिल्ला अदालतको न्यायाधीशलाई प्रतिष्ठानको प्रशिक्षक वा अनुसन्धानको रुपमा काम गर्ने गरी अवधि तोकी काजमा खटाउन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था: (१) प्रतिष्ठानमा तोकिए बमोजिमका कर्मचारीहरु रहनेछन् ।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) प्रतिष्ठानको अनुरोधमा नेपाल न्याय सेवाको कर्मचारीलाई प्रतिष्ठानको काम गर्नको लागि अवधि तोकी काजमा खटाउन सकिनेछ ।

## परिच्छेद-७
## कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था

२२. प्रतिष्ठानको कोष: (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था आदिबाट प्राप्त रकम,

(ग) प्रतिष्ठानबाट परामर्श सेवा तथा अनुसन्धान कार्यबाट प्राप्त रकम,

(घ) प्रतिष्ठानबाट प्रकाशित प्रकाशनहरुको बिक्रीबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रतिष्ठानको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रतिष्ठानको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) प्रतिष्ठानको कोषको खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

२३. लेखा र लेखा परीक्षण : (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२

## परिच्छेद-८
## विविध

२४. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) प्रतिष्ठानले यस अध्यादेश बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ ।

२५. वार्षिक प्रतिवेदन प्रकाशित गर्नु पर्ने : (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा संचालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम संचालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धी तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

२६. अधिकार प्रत्यायोजन: (१) परिषद्ले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार दफा २४ बमोजिम गठित उपसमिति वा कार्यटोली, कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. श्री ५ को सरकारसंग सम्पर्क : प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. नियम बनाउने अधिकार : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर पारिश्रमिक, सुविधा तथा श्री ५ को सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउंदा श्री ५ को सरकारसंग परामर्श गर्नु पर्नेछ ।

**लालमोहर सदर मिति: २०६०।१२।४।४**

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।